नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागले राजस्व अनुसन्धान कार्यालय, बुटवलमार्फत राजस्व चुहावट सम्बन्धी कसूरमा अनुसन्धान तथा तहकिकात सम्पन्न गरी देश भारत, प्रदेश पन्जाब, जिल्ला अमृतशहर, सि.४१२ न्यूप्रताप नगर जि.टी. रोड बस्ने कुलदिप सिंह र देश नेपाल, प्रदेश लुम्बिनी, जिल्ला रुपन्देही, तिलोत्तमा न.पा. वडा नं.-१६, कोटिहवा बस्ने राम बहादुर वि.क. विरुद्ध सम्मानित रुपन्देही जिल्ला अदालत सिद्धार्थनगर, भैरहवामा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २०(६) बमोजिम मिति २०८२।०५।०२ मा अभियोग पत्र दायर गरेको छ।

प्रतिवादीहरु कुलदिप सिंह र राम बहादुर वि.क.ले सुनका गरगहनाहरुको खरिद स्रोत, बिलबीजक तथा भन्सार प्रज्ञापन पत्र लगायतका कागज प्रमाण नभएका भन्सार चोरी पैठारी गरेका सुनका गरगहनाहरुको कारोबार गरी भन्सार महसुल तथा कारोबार लुकाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी ऐ.ऐनको दफा ४ को खण्ड (क), (ख), (च), (छ) र (झ) बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा मुख्य प्रतिवादी कुलदिप सिंहलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम रु.१,०५,०८,४११।३० (अक्षेरुपि एक करोड पाँच लाख आठ हजार चार सय एघार रुपैयाँ तीस पैसा मात्र) बिगो कायम गरी ऐ. ऐनको दफा २३(१) बमोजिम बिगो जफत गर्ने र बिगोको शतप्रतिशत रु.१,०५,०८,४११।३० (अक्षेरुपि एक करोड पाँच लाख आठ हजार चार सय एघार रुपैयाँ तीस पैसा मात्र) जरिवाना गर्ने तथा ऐ. ऐनको दफा २३(१) खण्ड (ख) बमोजिम हदैसम्मको कैद सजाय गर्ने र अर्का प्रतिवादी राम बहादुर वि.क.लाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (३) बमोजिम मतियारको रुपमा मुख्य प्रतिवादीलाई हुने सजायको आधा सजाय (जरिवाना र कैद) समेत गरी कुल रु.२,६२,७१,०२९।-(अक्षेरुपि दुई करोड बैसठ्ठी लाख एकहत्तर हजार उनान्तीस रुपैयाँ मात्र) को मागदाबी लिई ऐ. ऐनको दफा २०(१) बमोजिम जिल्ला सरकारी वकील कार्यालय, सिद्धार्थनगर, भैरहवा, रुपन्देहीबाट प्राप्त निर्णय अनुसार सोही ऐनको दफा २०(६) बमोजिम सम्मानित रुपन्देही जिल्ला अदालत, सिद्धार्थनगर, भैरहवामा अभियोग पत्र दायर गरिएको।

२०८२/०५/०२

मिति:२०८२ साल भाद्र २ गते सोमबार।

(कृष्णकुमारी श्रेष्ठ)

उपमहानिर्देशक/प्रवक्ता